# पाँच रूक्काको आधारमा माहिला नानी साहेबको स्थिति परिचय

—सुशीला मानन्धर

यस लेखको आधार पाँच रुक्का पत्रहरू नेपाल र एशियाली अनुसनधन केन्द्र (त्रि. वि. कीर्तिपुर) को पुस्तकालयमा सङ्कलित रहेका छन्। यी अभिलेखहरूलाई क्रमशः एउटा ४४४, दुई वटालाई ४५२ र बाँकी दुईवटालाई ४५५ गरी तीन वेग्लावेग्लै संकेत नम्बरहरू दिइएका छन्। यी संकेत नम्बरहरू विषयानुगत, वर्णानुक्रम वा प्राचीनतानुक्रम कुनै पनि आधारमा दिइएको छैन। विषय वा वर्णानुक्रमानुसार नम्बर दिइएको भए यी पाँचै वटा अभिलेखहरूको एकै नम्बर राखे पुग्छ किनकि रुक्काहरू वाली उठाउने विषयको भई एकै शब्दबाट शुरू भएका छन्। प्राचीनतानुक्रमलाई हेर्ने हो भने वि. सं. १८९१ को अभिलेखमा ४५२ नम्बर (अभिलेख नं. ४ र ५) दिइएको छ भने वि. सं. १८७५ को अभिलेखमा ४५५ नं. (अभिलेख नं. २ र ३) दिइएका छन्। यसरी यी अभिलेखहरूमा संकेत नम्बर दिदा कुनै निश्चित नियम अपनाइएको देखिदैन। परिणामतः अध्ययन अनुसन्धानमा जटिलता आउनु स्वाभाविक छ। यी अप्रकाशित अभिलेखहरूको माध्यमबाट तत्कालीन राजनीतिक, प्रशासकिक, सामाजिक, एवं आर्थिक गतिविधिबारे केही नौलो प्रकाश छर्न सकिन्छ।

यी अभिलेखहरूमध्ये तीन अभिलेखहरूका किनारा भाग कीराले वा चिसोले खाएर नष्ट भई केही अक्षरहरू पढ्न नसकिने अवस्थामा रहेका छन्। तर पनि अन्य पढ्न सकिने पूर्ण अभिलेखको अध्ययनबाट यहाँ लोप भइसकेका केही अक्षर, शब्द र अङ्कहरू अनुमान गर्न सकिन्छ। यसकारण मूल पाठमा च्यातिएको संकेतका साथ अनुमान गर्न सकिए जति अक्षरहरू कोष्ठभित्र उल्लेख गर्दै अभिलेखलाई वास्तविक रूप दिने प्रयास गरी यी पाँचै अभिलेखहरूलाई प्राचीनतानुक्रममा संकेताङ्क दिई प्रस्तुत गर्दछु।

**अभिलेख नं १ (छाप सहितको अभिलेख)**

CNAS No. 444

छाप स्वस्ति श्री माहिला नानी साहेव कस्य रुक्का— —
आगे चामु द्वारेके हाम्रा सेराका ६६ सालका
वाली मध्ये दसरथ षवासके वाली षर्च के धान मुरि
तिस ३० वक्स्यौं रुक्का देषत भरिदे वही वुझदा
मोजरा पर्ला ईति सम्वत १८६६ साल मिति
मंसीर वदि रोज शुभम्—

**अभिलेख नं. २** CNAS No. 455

श्री

स्वस्ति श्री मन्माहिला नानीसाहेव कस्य रुक्का—



**अभिलेख नं. १**

माहिला नानी साहेबको छाप सहितको रुक्का

— (आ) * गे दाषिला आम्दानि मध्येस हाम्रा गाउले चौरी —
— —को पहिन्न सालका आम्दानी मध्ये— —
— अ —रुद्रनारायेन उपाध्याय हस्ते नीज पटना रुपैया
—स ये ऐक १०० हाम्रा हजुरमा दाषिला भयो तस्को क — (वु)
— (ल) गरिवक्स्यौं वहि वुझदा मोजरा पर्ला इति संवत १ — — —
— — (साल) मिति माघ सुदि ३ रोज ५ शुभम्—

## अभिलेख नं. ३ CNAS No. 455

श्री

——(स्वस्ति) श्री मन्महिला नानीसाहेव कस्य रुक्का—
— — — (आगे दा) षिला आम्दानि प्रगना महुतरी मध्ये मौजे — —
— — गैन्हृ मौजे ५ का ६७ सालका इजाराका मुहुडा———
— (म) ध्ये आयाको मार्फत षेलपतियादे हस्ते प्राल— —
— — पटना ज्मा रुपया तीन सये ३०० हाम्रा हजुर— (मा) — — (दाषि)
— — (ल भ) यो तस्को कवल गरिवक्स्यौं ७६ सालका— (व)
— (हि) बुझदा मोजरा पर्ला इति संवत १८७५ साल मिति
— (मा) घ सुदि ४. रोज ६ शुभम्—

## अभिलेख नं. ४ CNAS No. 452

श्री

स्वस्ति श्री माहिलि नानिसाहेव कस्य रुक्का—
आगे फौजदार अमोलि पाडेके जेल्लै महुतरि मध्ये
भागाउं मौजे वन चौरि गैन्हृ ज्मा मौजे ७ का संवत १८९१
साल वैसाष वदि १. रोज सौ लगाईत चैत्र सुदि १५.
रोज तक वर्ष १. को ठिका वमोजिम पट्टा कवुलिअ
ति दाम दामक वुझिलिजु वासिल वाकि फाटक गरि
वक्स्यौं इति संवत १८९१ साल मिति फागुन सु
दि रोज २ सुम्म्—

## अभिलेख नं. ५ CNAS No. 544

श्री

स्वस्ति श्री मन्माहीलि नानीसाहेव कस्ये रुक्का—
आगे फौजदार अमोलि पाद्यके जिल्लै महुतरि मध्ये
हाम्रा ग— — —
नषौरी १ मौजेको वदेया १ मौजे हिदुवा १ मौजे
वगेआको झुप्रा
दि १. मौजेको झुप्रा १ मौजे इकरहिया १ मौजे
मुतहि वदेसव
१ ज्मा मौजे ७ का सम्वत १८९१ साल वैसाष वदि
१ रोज सौ लगाई
त चैत्र सुदि १५ रोज तक ठिका का वमोजिम पट्टा
कवुलिअत दा
म दामक वुझिलिजु वासिल वाकि फाटक गरिवक्स्यौं—

| आसामि — | रुपै—(आ) |
|---|---|
| ज्मा रूपैञा वमोजिम पट्टा— | ३२५१. |
| असुल हाम्रा हजुर दाषिल रुपैञा — | २३०१. |
| कार्तिक सुदि ४. रोज— | १३०१. |
| पौष सुदि १२. रोज— | १०००. |
| वाकी — — | ९५—(०) |
| हाम्रा हजुर दाषिल संवत सदर मिति | |
| फागुन सुदि ९ रोज ५. रु— | ५००. |
| वाकी— | ४——(५०) |
| मिनाहा जर्ता— | १००. |
| बाकी— | ३५०. |
| असुल हजुर दाषिल संवत सर मिति | |
| चैत्र वदि ९ रोज रुपैया — | ३५०. |
| वाकी — | ० फारक |

सम्वत १८९१ मिति चैत्र वदि ९ रोज २ शुभम्—

* ब्यातिएर पढ्न नसकेको अक्षरको संकेत— — — — र ( ) कोष्ठभित्र सो खाली स्थानमा हुनु पर्ने अक्षर र अङ्क उल्लेख गरिएको छ।

पुनश्च:- यस लेखमा प्रस्तुत अन्य अभिलेखहरुमा पनि यस्तै प्रकारको संकेत र अनुमानित अक्षर दिइएको छ। —ले.

माथि उल्लिखित ५ रुक्का पत्रहरू माहिला नानी साहेवले महोत्तरी जिल्लाको विभिन्न गाउँका फौजदार, द्वारे आदिका नाममा जाहेर गरेका आदेशहरू हुन् । यी रुक्काहरूमा दशरथ षवासलाई खर्च स्वरूप ३० मुरी धान प्रदान गर्नु भनी द्वारेलाई दिएको आदेश (अ. नं.१), बाली बुझाउँदा आंशिक मिनाहा दिने आदेश र बाली बुझिलिएका कुराहरू उल्लेख छन् । यी ५ अभिलेखहरूमध्ये ३ अभिलेखहरूमा उल्लेख छ "··· वही बुझदा मोजरा पर्ला···" अर्थात् आंशिक मिनाहा दिइने छ (अ. नं. १, २ र ३) । यस बाट बुझिन्छ कि आदेश जाहेर गर्ने व्यक्ति सो बालिका सर्वाधिकार सम्पन्न व्यक्ति हुन् । यस अभिलेखबाट उनीमा कर माफी गर्ने हक रहेको छ भन्ने प्रष्ट हुन्छ । अभिलेखमा "श्री मन्माहिला नानीसाहेव" भनी बडो सम्मान र आदरपूर्वक दर्जाको उल्लेख गरिएको छ । यसबाट नानी साहेव राजाका द्वितीय भित्रिनी (रखौटी) थिए तापनि तत्कालीन समाजमा उनी एक प्रतिष्ठित व्यक्तिको रूपमा रहेका थिए भन्ने कुरा स्पष्ट हुन्छ ।

साथै (Seal) छाप सहितको रूक्का (आदेश) जारी गर्ने अधिकार प्राप्त भएबाट उनी राजनीतिक एवं प्रशासनिक क्षेत्रमा उच्च ओहदा प्राप्त नारीको रूपमा देखा पर्दछन् । किनकि त्यस समयमा रूक्का राजा वा राजाको नायव भई कार्यभार सम्हाल्ने सर्वोच्च शक्तिको आदेशको रूपमा लिइन्थ्यो । समकालीन अन्य चिट्ठी, आदेश, रूक्का, अर्जि, सनद, पूर्जी आदिको अध्ययन गरी हेर्दा राजा र नायव बाहेक चौतरिया, मुख्तियार, जनरल, काजी आदि जस्ता उच्च ओहदामा पुगेका व्यक्तिहरूले समेत रूक्का आदेश दिने गरेको पाईदैंन । यस्ता उच्च, प्रतिष्ठित र शक्तिशाली प्रशासनिक व्यक्तिहरूले दिएका आदेश वा सुझाव पत्रहरूमा "कस्य पत्रम्" मात्र उल्लेख गरेका पाइन्छन् भने सोही विषय वस्तुमा राजा र नायवको आदेश भए "कस्य रूक्का" लेखिएको हुन्छ (योगी, २०२२, काठमाडौं, पृ. ३१, ३८, २०० आदि) । राणा शासनकालमा आएर प्रधानमन्त्री वा श्री ३ महाराजसम्मले रूक्का (आदेश) दिने गरेको पाइन्छ । प्रधानमन्त्रीले कुनै विषयमा दिएको आदेशमा "कस्य रूक्का" र सोही विषय कम्याण्डर इन चीफले आदेश दिए "कस्य पत्रम्" लेखी जाहेर गरेका हुन्छन् । (योगी, पृ. २३२, ३०५, ३२२, ४३७, ५०२ आदि) । यसरी एकै आदेश पत्रमा दुई अधिकारीको कस्य रूक्का र कस्य पत्रम् उल्लेख गरिएबाट प्रधानमन्त्रीको आदेश (रूक्का) अनुसार कम्याण्डर इन चीफले आफ्नो तर्फबाट पत्रादेशको (पत्रम्) रूपमा जनता समक्ष जाहेर गरेका अर्थमा लिन सकिन्छ । यी आदेश पत्रहरूबाट स्पष्ट हुन्छ कि रूक्का प्रदान गर्ने हक प्रधानमन्त्रीभन्दा तल्लो तहका कर्मचारीलाई थिएन । यसरी यी पाँच रूक्काहरू प्राप्त भएबाट उनी भित्रिनी नै भए पनि उनको दर्जा राजनीतिक एवं प्रशासनिक क्षेत्रमा उच्च रहेको प्रमाणित हुन्छ । बाली उठाइएको र मिनाहा दिएका आदेश पत्रहरूबाट उनी आर्थिक प्रशासनका उच्च अधिकारी रहेको अनुमान गर्न सकिन्छ ।

यदि बाली उठाइएका क्षेत्र उनको निजी विर्ता भए उनी आर्थिक दृष्टिबाट निकै सम्पन्न रहेको प्रतीत हुन्छ । किनकि उनले बाली उठाइएका (महोत्तरी जिल्ला) क्षेत्रहरूको उत्पादन क्षमता निकै राम्रो [Regmi, (M. C., Land ..) P. 110, Table No. 36] रहेको देखिन्छ । अर्कोतर्फ विर्तावालहरूको आफ्नो विर्ता भित्रका अन्य आम्दानी, स्थानीय जनता माथिको नियन्त्रण, विविध कर उठाउने हक, न्याय प्रशासन माथिको अधिपत्य आदि [Regmi, (A Study...), 1972, New Delhi; pp. 40–41] ले गर्दा उनको वर्षेनी थुप्रै आम्दानी हुने गरेको बुझिन्छ । यी ५ अभिलेखहरूमध्ये द्वारेलाई दिएको आदेशमा ६६ सालको बालीबाट ३० मुरी धान खर्च स्वरूप दिनु, बाली बुझ्दा सो मिनाहा गरिन्छ भन्ने (अ. नं. १) छ भने अ.नं. २ मा पटना रु. १००।- र अ. नं. ३ मा पटना रु. ३००।- बुझिलिएको र बाली बुझाउँदा आंशिक छूट दिने आदेश दिएको पाइन्छ । रूक्का नं. ५ मा लेखिए अनुसार १८९१ सालको वार्षिक बाली स्वरूप ३२५१।- आम्दानी हुने र त्यसमध्ये रु. १००।- मिनाहा दिएको स्पष्ट हुन्छ । रूक्का नं. ४ मा भने मिनाहासम्बन्धी केही कुरा उल्लेख छैन, केवल ठेक्का बमोजिम बाली बुझिलिई कागज फाटी पठायौं भन्ने कुरा लेखिएका छन् । यसबाट थाहा हुन्छ कि

फौजदार अमोली पाण्डेको (अ. नं. ४ र ५ दुवै पाण्डेको नाममा जाहेर भएको रूक्का हुन्) नाममा मात्र दुई वेग्लावेग्लै ठेक्का दिएका छन् । यसरी यी क्षेत्रबाट मात्र वर्षेनी २३५१।- रु.भन्दा बढी आम्दानी हुने बुझिन्छ । तर यी क्षेत्रहरू उनको निजी विर्ता होइन भन्ने देखिन्छ। किनकि निजी विर्ता वा गुठी जग्गा भएको भए विर्तावाल स्वयंले बाली उठाउन जाने गर्छ [Regmi, (A Study...) p. 126] । जग्गा धनी आफैं जान नसके ढोक्रेहरू पठाई बाली उठाउने व्यवस्था गरिन्छ । यदि जग्गा रैकर वा जागीर भएको खण्डमा बाली उठाउन स्थानीय कारिन्दाहरू नियुक्ति गरिन्थ्यो, जसले स्थानीय बाली र अन्य कर उठाउनुका साथै स्थानीय प्रशासन र न्याय व्यवस्था समेत सम्हाल्ने काम गर्छ । यस्ता व्यक्ति–हरू नियुक्ति गर्दा सैनिक र राजनीतिक दृष्टिबाट (Strategic view point) महत्व भएका क्षेत्रहरू–मा सुब्बा र सो दृष्टिबाट कम महत्वको क्षेत्रहरूमा सुवेदार वा द्वारे र पूर्वी तराईमा स्थानीय चौधरीहरू नियुक्ति गरिन्छ [Regmi, (A study...). p 126, Foot Note No. 20, pp. 127, 128) ।

माथि उल्लिखित ५, रूक्काहरूमध्ये २, वटा रूक्कामा फौजदार (अ. नं. ४ र ५), एकमा द्वारे (अ. नं. १) र एकमा इजारा (अ. नं. २) को चर्चा भएको छ जसबाट यी क्षेत्रहरू जागीर वा रैकरमध्ये एक हुने अनुमान गर्न सकिन्छ । तर रूक्का पत्रलाई राम्ररी अध्ययन गरेको खण्डमा यी जग्गाहरू रैकर र जागीर नभई "शेरा जग्गा" अर्थात् राजदरवारको संभार र आवश्यक खर्चका लागि आवश्यक रकम आपूर्ति गर्न राजदरवारको ढुकुटीमा आम्दानी दाखिला गर्ने गरी छुट्याइएको कपर्दारको निगरानीमा राखिएको भूमि [Regmi, (Land... Vol. II) pp. 275–276] हो भन्ने बुझिन्छ । अभिलेख नं. १ मा स्पष्टसंग उल्लेख नै गरिएको छ कि "... हाम्रा सेराका ६६ सालका वाली मध्य दशरथयवासके वाली षर्चके धानमुरी ३० वक्स्यौं ···" हुन त यसमा जग्गा कुन क्षेत्रको हो भन्ने लक्ष गरेको छैन तर अन्य अभिलेखहरूमा महोत्तरी जिल्ला–बाट वाली उठाएको लेखिएका छन् । महोत्तरीलाई शेरा भूमि भनेर किटान गरेको छैन तापनि यी सम्पूर्ण बाली शेरा भूमिबाट नै उठाइएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । किनकि श्री ५ रणबहादुर शाहबाट वि. सं. १८५५ (सन् १७९८) मा महोत्तरी जिल्लामा १४ बिगाहा जग्गा राजा र राजपरिवारको उपभोगको लागि (Royal use) शेरा जग्गा छुट्याइएका थिए [Regmi, (Land...), pp. 275,276] जुन क्षेत्रमा (Foreed labour) झारा प्रथा कि अधिया प्रथा (Cropsharing basis) मा खेत जोत्न लगाइन्छन्। राणा शासनकालमा आएर यस्तो भूमि शाही परिवारले भन्दा राणा परिवार अर्थात् श्री ३ महाराज परिवारले बढी उपभोग [Regmi, (Land... Vol. II) p. 276] गरेको पाइन्छ ।

पूर्वी तराईको बाली मुगल प्रथा वा नगदमा उठाउने [Regmi, 1987, (Thatched Huts...), New Delhi, p. 54 , Foot Note No. 66] प्रचलन अनुसार यी अभिलेखहरूमा पनि अ. नं. २ र ३ बाली स्वरूप "पटना रुपैयाँ १००।- र ३००।-" र अ. नं. ५ मा रु. ३२५१।- बुझिलिएका छन् । यसबाट नेपालमा सरकारी लेनदेनमा नेपाली मुद्रा मात्र होइन भारतीय मुद्रा पनि चलन चल्तीमा रहेको छ भन्ने बुझिन्छ । यसको साथै के अनुमान गर्न सकिन्छ भने त्यस वेला महोत्तरी जिल्लाको उत्पादन भारतको सीमा क्षेत्रमा बिक्री गरी आर्जन गरेको रकम कर स्वरूप सरकारलाई बुझाउने गरेको हुन सक्छ । दुई वटा रूक्काहरूमा "...ठिक्का बमोजिम पट्टा कबुलिअत दामदासक बुझि–लिनु..." (अ. नं. ४ र ५) भन्ने वाक्यहरू रहेका छन् । यसबाट यी जग्गाहरूमा बाली उठाउने काम "ठेकबंदी पंचसाला ठेक्का प्रथा" को आधारमा [Regmi, (Thatched Huts...) pp. 72–74] ठेक्कामा दिएको बुझिन्छ ।

यसरी माहिला नानी साहेब तत्कालीन दरवारी आर्थिक प्रशासनका सर्वेसर्वा व्यक्ति रहेको प्रष्ट हुन्छ । यसैले होला उनलाई "श्री मन्माहिला नानी साहेव" भनी सम्मानपूर्ण सम्बोधन गरिएको र आदेश पत्र जाहेर

गर्ने हक दिइएको। यसबाट वि. सं. १८३४ देखि १९०३ (सन् १७७८ देखि १८४६) सम्म नेपालको राजनीतिक रङ्गमञ्चमा राजा, जेठी रानी, कान्छी रानी, राजाका माइहरू, युवराज र राजकुमारहरू संलग्न रहेको (Agarawal, 1976, New Delhi, p. 5) मात्र नभई नानी साहेवहरू समेत सहभागी रहेको प्रमाणित गर्दछ। जुन व्यक्तिले शेराको बाली सम्बन्धी कारोबार गर्ने हक प्राप्त गरेको छ अर्थात् राज्यको प्रशासन सञ्चालनार्थ गठित भारदारी सभाका छ जना व्यक्तिमध्ये पाँचौं तहका एक व्यक्ति कपर्दार जो (King's House Minister) राजदरबारका हरेक व्यवस्थाका लागि उत्तरदायी व्यक्ति र आवश्यक परेको खण्डमा सरकारी हिसाब पनि निरीक्षण (audite) गर्ने व्यक्ति हुन्छ (Agrawal, p. 6) त्यसको समेत हाकीम रहेको प्रतीत हुन्छ।

अब उनी कुन राजाका माहिला नानी साहेव अर्थात् मित्रिनी हुन् त भन्ने प्रश्न उठ्न सक्छ। यी पाँच अभिलेखहरूले वि. सं. १८६६ देखि १८९१ चैत्रसम्मको समय ओगटेको छ। यस अवधिमा राजा गीर्वाणयुद्ध विक्रम शाह [ 20th Nov. 1816) मा गीर्वाणयुद्ध विक्रमको मृत्यु-(Stiller. 1976, Nepal p. 106) वि. सं. १८७३ सम्म र त्यसपछि उनका छोरा राजेन्द्र विक्रम शाह वि. सं. १९०४ (May 12th 1843 मा पदच्युत- Jain, 1972, Agra, p. 87) नेपालका शासक रहेका थिए। उल्लिखित नानी साहेव यी दुई गीर्वाणयुद्ध र राजेन्द्र विक्रम शाहमध्ये कुन चाहिको हुन् त भन्ने विषयमा विचार गरी हेर्दा उनी यी दुवै राजाहरूका नानी साहेव नभई उनीहरूभन्दा अघिका राजा रणबहादुर शाहका नानी साहेव भएको अनुमान गर्न सकिन्छ। किनकि गीर्वाणयुद्ध विक्रम शाहको जन्म वि. सं. १८५४ आश्विन [(Oct. 1797 A. D )-Regmi, 1972 Calcutta; (Modern...I) p. 582] मा भएको थियो। यस अनुसार १८६६ सालमा उनी केवल १२ वर्षको मात्र हुन्छ। १२ वर्षको उमेरमा राजाको नानीहरू (दरबारी सुसारेहरू) त हुन्छन् तर नानी साहेव (मित्रिनी) हुन सक्छन् भन्ने कुरा जीवविज्ञानको दृष्टिकोणबाट हेर्दा अस्वाभाविक देखिन्छ। यस समयमा राजेन्द्र विक्रम शाहको जन्म भएकै थिएन। यसैले उनको नानी साहेव हुने सन्देह नै भएन। यसकारण यी नानी साहेवको अस्तित्व रणबहादुर शाहको समयदेखि नै रहेको कुरा निर्विवाद छ।

विभिन्न ऐतिहासिक स्रोतले श्री ५ रणबहादुर शाहका धेरै रानीहरू र अनेकननानी साहेवहरू रहेको कुरा दर्शाउँछ। तर उनका रानीहरू र नानी साहेवहरू कति थिए र को को हुन् भन्ने विषयका विद्वानहरूबीच मतभिन्नता रहेको छ। जस्तै-भाषा वंशावली अनुसार उनका रानीहरू क्रमशः राजराजेश्वरी देवी, कान्तीवती, चन्द्रावती, श्री विजया (विद्या) लक्ष्मी, अम्बरराजेश्वरी देवी, ललित त्रिपुरा सुन्दरी देवी र पटनावाला र भादगाउँल्या नानी साहेव दुई जना गरी जम्मा ८ जना (सं. थापा, २०३०, काठमाडौं, पृ. ७) र महताव नामकी मुसलमान केटी उनका कान्छी मित्रिनी (नेपाल, २०४०, काठमाडौं, पृ. २२८-२३०) थिए। वंशावलीमा सुवर्णप्रभाको नाम उल्लेख गरेका छैनन्। नयनाथ पौडेलले यसै वंशावलीलाई स्वीकारेका छन् र सुवर्णप्रभालाई केवल रणबहादुर शाहका इच्छानुसार चल्ने 'भोग्या रानी' (रखौटी) को रूपमा (पौडेल, २०२२, काठमाडौं, पृ. ५६-५७) मात्र मानेका छन्। नेपालको राजनीतिमा करीब ३ वर्ष अर्थात् रणबहादुर शाहको १८५७ को ताम्रपत्र अनुसार राजा गीर्वाणयुद्धका नायव पदका हकदार कान्छा रानीका (नेपाली, २०२०, काठमाडौं परिशिष्ट नं. ९, पृ. १२३-१३१) मृत्युपछि नायव भई शासन कार्यभार सम्हालिरहेका जेठा रानी राजराजेश्वरी देवी बनारसमा रहेसम्म नायव भई शासन चलाउने महारानी सुवर्ण प्रभालाई केवल रणबहादुर शाहका रखौटी मात्र मानेका छन्। यसैले यी रूक्का दिने "माहिला नानी साहेव" उनी नै हुन् कि भन्ने शङ्का उठ्न सक्छ। रणबहादुर शाहको घण्टाभिलेखमा उनलाई "भोग्या रानी" भनी लेखिएको आधारमा उनी पूर्णरानी होइनन् (इतिहास प्रकाश, २०१२, काठमाडौं, पृ. ४६) भन्ने भनाइ व्यक्त गरेका छन्। इतिहासविद् रेग्मीले पनि सुवर्णप्रभा र कान्तीवती दुवैलाई मित्रिनी मानेका छन् [Regmi, (Mod.., Vol. I), pp. 577-8] र सुवर्णप्रभालाई नायव रानीको दर्जासम्म [Regmi, (Mod.... Vol. II) p. 106] दिएका

छन् । सुवर्णप्रभा भित्रिनी थिइन् पछि मात्र उनलाई रानीको दर्जा दिएका थिए भन्ने भनाइमा नेपालले पनि सहमति जनाएका छन् (नेपाल, पृ. २३०) । अर्को थरि इतिहासकारको भनाइ अनुसार, रणबहादुर शाहका जेठी रानी गुल्मीका राजकन्या विद्यालक्ष्मी थिए जो महारानी राजराजेश्वरीको नामले प्रसिद्ध भए, माहिली रानी सुवर्णप्रभा, साहिली कान्तीवती र अन्य दुई चन्द्रावती र ललितत्रिपुरा सुन्दरी हुन् भन्ने (शर्मा, २०२७ वाराणसी, पृ. २४७) छन् । हालसम्म प्रकाशित सुवर्णप्रभाका अभिलेखहरूबाट (बज्राचार्य र श्रेष्ठ, २०३७, काठमाडौं पृ. ३२३, ३३३, ३३५, ३५२, ४२३–२४, ४५५-५६ आदि) सुवर्णप्रभा महारानी नै हुन् भित्रिनी होइनन् भन्ने प्रमाणित भइसकेका छन् ।

राजराजेश्वरी र विद्यालक्ष्मी (विजयालक्ष्मी) एकै व्यक्ति हुन् भन्ने प्रमाण "महारानी विज्यालक्ष्मी" शीर्षकले एक नेवारी लोकगीतले दिन्छ । यस गीतमा परदेशबाट (बनारस) फर्केका महारानी विजयालक्ष्मीलाई निर्वासित गरेको, उनले त्यहाँ भोग्नु परेका दुःख कष्ट, जनसम्पर्क आदिदेखि लिएर स्वामी महाराजको मृत्युपछि उनलाई काठमाडौं ल्याई सती जान बाध्य गरेको, सती जान अघि पुत्र राजा गीर्वाणयुद्धसंग भेट्ने इच्छा व्यक्त गर्दा काजी भारदारहरूले अनुमति नदिएको हुँदा विरहपूर्ण रोदनकासाथ राजालाई अति र आशीष दिएर सती गएको करुण दृश्यको वर्णन गरेका छन् (कंसाकार, ने. सं. १०९३, काठमाडौं, पृ ७८–८०) । हुन त यो लोकगीत मात्र हो तर यस गीतमा तत्कालीन राजनीतिक परिप्रेक्षमा रहेको षडयन्त्रकारी वातावरणले गर्दा महारानी विजयारानीले भोग्नु परेका कष्ट उल्लेख गरेका छन् जबकि यी सबै कुरा भोग्न परेका रानी राजराजेश्वरी देवी थिए । यसकारण गुल्मीकी राजकन्या विजयालक्ष्मी नै रानी राजराजेश्वरी बन्न पुगेका थिए र उनी विजयालक्ष्मीकै नामले लोकप्रिय रहेका थिए भन्ने बुझिन्छ । अर्कोतर्फ यी दुवै एकै व्यक्तिको नाम हुन सक्ने प्रमाण स्वरूप हालसम्म पनि शाह राजघरानामा नाम परिवर्तन गर्ने परम्परा रहिआएको कुरालाई लिन सकिन्छ । यसरी जेठी रानी राजराजेश्वरी र माहिली रानी सुवर्णप्रभा हुन् भन्ने शर्माको भनाइ ठीक देखिन्छ । यसरी सुवर्णप्रभा माहिला नानी साहेब नभई माहिला महारानी हुन् भन्ने रहेको हुनाले रूक्का उनको होइन भन्ने सिद्ध हुन्छ ।

रूक्का दिने माहिला नानी साहेब पटनावाला वा भादगाउँवाला कुन चाहिँ नानी साहेब हुन् त भन्ने सन्दर्भमा केलाएर हेर्दा भने भादगाउँले वालाको रूक्का हुन सक्ने केही सम्भावना देखिन्छ । सो कुरा तथ्यके रूपमा देखाउने कुनै दरो प्रमाण पाइएको छैन । उनका दुई भन्दा बढी नानी साहेबहरू थिए भन्ने कुरा लक्ष्मेश्वर मन्दिरस्थित १८६९ सालको लक्ष्मी देवीको शिलालेखलाई लिन सकिन्छ । यस अभिलेखमा लक्ष्मी देवीको परिचयमा लेखिएको छ कि पटना नजीक गुनिआ गाउँको कास्यप गोत्रका गणेश दत्तकी छोरी लक्ष्मी देवी भाग्यले रणबहादुर शाहकी प्यारी हुन गयो (वज्राचार्य र श्रेष्ठ, पृ. ५७०–७१, अनुवाद) । यही शिलालेखको तेह्रौं हरफमा "साहिला नानी साहेब" भनी उनको दर्जा समेत लेखेको छ (बज्राचार्य र श्रेष्ठ, पृ. ५६८) । यसरी पटनावाला साहिला नानी साहेब हुन् भन्ने प्रमाणित हुन्छ भने अर्कोतर्फ उनी बनारस जानु अघि अरू दुई नानी साहेबहरू थिए भन्ने कुरा प्रमाणित गर्छ । किनकि रणबहादुर शाह बनारसबाट फर्कदा लक्ष्मी देवीलाई ल्याएका थिए **[Regmi, (Mod ... Vol. II), 1975, Calcutta, p. 157]** । यसबाट रणबहादुर शाह तीन जना भित्रिनीका साथ बनारस गएका थिए **[Regmi, (Mod... Vol. I) p. 597]** भन्ने कुरा गलत साबित हुन्छ किनकि बनारसबाट ल्याएकी पटनावाली लक्ष्मी देवीलाई "साहिला नानी साहेब"को दर्जा दिएबाट उनी बनारस जानुभन्दा अघि उनका दुई जना मात्र भित्रिनी रहेका थिए भन्ने कुरा प्रमाणित हुन्छ । तर यी दुई नानी साहेबहरूमध्ये एक भादगाउँले नानी साहेब हुन् भने अर्की कहाँकी र को हुन् भन्ने प्रश्न उठ्न सक्छ जुन खोजी गर्न बाँकी नै छ । यसैले यी रूक्काहरू भादगाउँले नानी साहेबका हुन् वा अन्य कसैको भन्ने कुरा प्रमाणित गर्न कठीन छ ।

अन्य प्रमाण नभेटिएसम्म यही व्यक्ति माहिला

नानी साहेव हुन् भन्न कठीन छ तापनि रुक्काका तिथि मिति, शेरामूनिको चर्चा, रणबहादुर शाहले महोत्तरीमा शेराभूमि छुट्याइएको प्रमाण आदिबाट यी रुक्काहरू रणबहादुर शाहका माहिला नानी साहेवका हुने अनुमान गर्न सकिन्छ। ती माहिला नानी साहेव जो भए तापनि यी रुक्का पत्रहरू अध्ययन गर्दा रुक्का आदेश दिने यी माहिला नानी साहेव राजाका संभोगका रानी मात्र नभई निकै शक्तिशाली व्यक्ति रहेको दर्शाउँछ भने उनी आर्थिक दृष्टिबाट निकै सम्पन्न रहेकी मात्र नभई राजनीतिक एवं प्रशासनिक क्षेत्रमा समेत उनको अप्रत्यक्ष बोलवाला रहेको प्रमाणित गर्दछ। रुक्का प्रदान गर्नु, आफ्नो शील छाप (Seal) प्रयोग गर्नु, खर्च बक्सको हुकुम दिनु (अ. नं. ५), बाली बुझाउन लगाउन र मिनाहा दिने आदेश दिनु (अ. नं. २, ३ र ५) आदि सबै उनको आर्थिक एवं प्रशासनिक क्रियाकलापमा संलग्न रहनुका साथै सम्पन्नताका दरो प्रमाण मान्न सकिन्छ।

## सन्दर्भ ग्रन्थहरू


1. Agrawal, Hem Narayan, 1976, *The Administrative System of Nepal from Tradition to Modernity*; New Delhi, Vikas Publishing House Pvt. Ltd.

२. **इतिहास प्रकाश**, भाग १, अङ्क १, २०१२।१।१, काठमाडौं, इतिहास प्रकाश मण्डल।

3. Jain, M. S, 1972, *Emergence of A New Aristocracy in Nepal*, Agra, Sri Ram Mehra & Co. Publishers.

४. नेपाल, ज्ञानमणि, २०४०, **नेपाल निरुक्त**, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

५. नेपाली, चित्तरञ्जन, २०२०, **श्री ५ रणबहादुर शाह (व्यक्तित्व र शासनकाल)**, काठमाडौं, श्रीमती मेरी भण्डारी

६. पौडेल, नयनाथ, "फचलीको श्री नानी साहेव लक्ष्मी देवीको वि. सं. १८७० को अभिलेख र त्यसको ऐतिहासिक व्याख्या", **पूर्णिमा**, वर्ष २, अङ्क २, २०२२ श्रावण, काठमाडौं : गौतम वज्राचार्य र महेशराज पन्त।

7. Regmi, D. R., 1975, *Modern Nepal*, Vol. I, Calcutta, Firma K. L. Mukhopadhyaya.

8. Regmi, D. R., 1975, *Modern Nepal*, Vol. II Calcutta, Firma K.L. Mukhopadhyaya.

9. Regmi, M. C., 1972, *A Study in Nepali Economic History* (1768-1846), New Delhi, Manjusri Publishing House.

10. Regmi, M. C., 1978, *Land Tenure and Taxation in Nepal*, Vol. I & II, Kathmandu, Ratna Pustak Bhandar.

11. Regmi, M. C., 1978, *Thatched Huts and Stucco Palaces : Peasants and Landors in 19 th Century Nepal*, New Delhi; Vikas Publishing House Pvt. Ltd.

१२. शर्मा, बालचन्द्र, २०२७, **नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसी, श्रीमती कृष्णकुमारी देवी।

13. Stiller, Ludwing F., 1976, *The Silent Cry*, Nepal, Sahayogi Prakashan.

१४. थापा, रमेशजङ्ग, सं., **प्राचीन नेपाल**, संख्या २३, वैशाख २०३०, काठमाडौं, श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग।

१५. वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर, २०३७, **शाहकालका अभिलेख** भाग १, कीर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र।

१६. योगी, नरहरिनाथ, (सं.), २०२२, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह** भाग १, काठमाडौं, रोएल नेपाल एकेडेमी र अन्य।


---

प्राचीन नेपाल संख्या १०० मा प्रकाशित "चन्द्र शम्शेरको प्रधानमन्त्रित्वकालको एक सनद पत्रको आधारमा कानूनी व्यवस्थाको सन्दर्भ" को शीर्षकको मेरो लेखमा निम्न छपाइ अशुद्ध भएकोले सच्याइएको छ।—ले.

| पृ. | अशुद्ध | शुद्ध |
|---|---|---|
| 22 | Gimelette, 1928 | Hadgson, 1880 |
| 23 | London | Landon |
| २३ | कुनापाको | कुनथांको |
| 26 | London | Landon |